# पूर्व ऊर्जामन्त्री गोकर्ण विष्टको कामबारे मिडिया रिपोर्टिङ : भ्रम र यथार्थ

कुमार पाण्डे

## प्रारम्भ

नेपालमा संविधानसभापछिको तेस्रो सरकारमा नेकपा (एमाले) का गोकर्ण विष्ट ऊर्जामन्त्री नियुक्त भए । विष्टको करिब चार महिने कार्यकाल चर्चा परिचर्चामा नै बित्यो । उनी बहालमा रहुन्जेलसम्म प्रायः पत्रपत्रिकाले उनले गरेका साना-ठूला सबै कामलाई बडो महत्त्वसाथ प्रचारप्रसार समेत गरे (उदाहरणका लागि हेर्नुहोस् तस्बिर : १ र २) । मन्त्री रहँदा नै धेरै पत्रपत्रिकाले उनलाई 'असफल मन्त्रिपरिषद्को सफल मन्त्री'का रूपमा चित्रित गर्दै विभिन्न पगरीसमेत भिराए । धेरैले उनलाई सक्रिय तथा अठोट भएको मन्त्री देखे तर कतिपयले उनका गतिविधिमा देखावटीपन र प्रचारबाजीबाहेक केही पनि भेटेनन् ।

वि.सं. २०६८ सालसम्म आइपुग्दा देशमा रहेको लोडशेडिङ र ऊर्जा संकट तत्काल समाधान हुने कुनै छाँटकाँट छैन । लोडशेडिङ र ऊर्जा संकट तत्काल समाधान गर्न आवश्यक संस्थागत संरचना पनि निष्क्रिय र गिरेको मनस्थितिबाट गुज्रिरहेका छन् । त्यसैले पदमा रहँदा चर्चामा रहेका ऊर्जामन्त्रीले गरेका वा गर्न खोजेका कार्य र त्यसले राष्ट्रको ऊर्जा (विशेष गरी विद्युतीय) क्षेत्रमा पारेको असरबारे यसमा चर्चा गरिएको छ ।


NAYA PATRIKA NATIONAL DAILY
WWW.NAYAPATRIKA.COM
22 August 2011, Monda

नयाँ पत्रिका

ऊर्जा मन्त्रालयका ऊर्जा

ऊर्जामन्त्री गोकर्ण विष्ट हिँडेर होइन दौडेर परिवर्तन गर्नेमा विश्वास गर्छन्, दौडेरै उनले ऊर्जा क्षेत्रमा केही परिवर्तन ल्याएका छन् तर, सरकार फेरिन थालेपछि उनले थकाइ मेट्नुपर्ने भएको छ

पृष्ठ ६ र ७

तस्बिर १ : तत्कालीन उर्जामन्त्री विष्टबारे *नयाँ पत्रिका* (२०६८ भदौ ५, पृष्ठ १) ले दिएको स्थान ।

यस लेखमार्फत नेपाली मिडिया कुनै पनि कामको दीर्घकालीन महत्त्व वा प्रभावबारे आवश्यक मात्रामा विश्लेषण र खोजी नगरी कसरी सतहमा दौडेर रिपोर्टिङ गरिरहेको छ भन्ने देखाउन खोजिएको छ । तसर्थ, यस लेखले जलविद्युत्‌को क्षेत्रमा तत्कालीन मन्त्री गोकर्ण विष्टले गरेका वा गर्न खोजेका काम र त्यसले दीर्घकालीन रूपमा पार्न सक्ने असरलाई उठाए पनि नेपाली मिडियाको रिपोर्टिङ शैली कसरी र किन सतही हुन्छ भन्ने तर्क प्रस्तुत गरेको छ । साथै, मिडियाले कस्तो स्तरसम्म खोज र विश्लेषण गरेको भए सुसूचित हुन पाउने नागरिकको अधिकारप्रति न्याय हुन्थ्यो र तिनले नेपालको ऊर्जा संकटबारेको बहस अगाडि बढाउन सहयोग गर्थे भन्ने तर्क पनि गर्न खोजिएको छ ।

समाजलाई सुसूचित गराउने तथा राज्यका अन्य विभिन्न अंगका क्रियाकलापमाथि पहरेदारी गर्ने भनी चौथो अंगको दर्जा पाएको मिडियाले हरेक विषयवस्तुलाई गहिराइमा गएर आलोचनात्मक ढंगले पस्किने गर्छ भनेर अपेक्षा गरिन्छ । जलस्रोत वा विद्युत् क्षेत्रबारे चासो राख्ने व्यक्ति भएकाले महत्त्वसाथ उठाइएको यही क्षेत्रभित्रको एउटा प्रसंगबारे मिडियाले गरेको रिपोर्टिङलाई यहाँ सन्दर्भका रूपमा प्रस्तुत गरिएको हो । त्यही सिलसिलामा तत्कालीन मन्त्री गोकर्ण विष्टले गरेका वा गर्न खोजेका विभिन्न कामबारे मिडियामा भएका चर्चा र त्यसभित्रको वास्तविक यथार्थबीचको अन्तरलाई यहाँ विभिन्न शीर्षकसहित विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## प्राधिकरणको अध्यक्षता हस्तान्तरण

नेपाल विद्युत् प्राधिकरणको (नेविप्रा) अध्यक्ष ऊर्जामन्त्री (पहिला जलस्रोत) रहँदै आएकोमा मन्त्री विष्टले सो परम्परा तोडेर ऊर्जा मन्त्रालयको सचिव नेविप्राको पदेन अध्यक्ष रहने गरी मन्त्रिपरिषद्‌बाट पारित गराएर नयाँ थालनी गरे (हेर्नुहोस्

तस्बिर २) । यसबाट नेविप्राको सञ्चालनमा राजनीतिक हस्तक्षेप घट्न गई स्वायत्त, स्वतन्त्र तथा सक्षम संस्थाका रूपमा नेविप्रा अगाडि बढ्न सक्दछ भन्ने आशा लिइएको थियो । नेविप्राको अध्यक्ष परिवर्तनपछि न त सो संस्थाको सञ्चालनमा खासै सुधार देखिएको छ, न अध्यक्ष भएका सचिवले नेविप्रालाई नयाँ दिशातर्फ अगाडि बढाउन सकेका छन् । अझ नेविप्राकै उच्च पदस्थ कर्मचारीहरू अहिले आएर त सचिवभन्दा मन्त्रीकै नेतृत्व ठीक भन्न थालेका छन् । यो छोटो अवधिको अनुभवमा त्यहाँका एक कर्मचारी भन्छन्, "मन्त्रीहरू केही काम देखाउन चाहन्छन् र केही कठोर निर्णय गर्न तत्पर हुन्छन्, तर प्रशासन सञ्चालन गरेर बसिरहेका सचिवहरू विवादमा नतानीइकन जागिर खान चाहन्छन् ।"[१] नेविप्राजस्तो अत्यधिक सुधार आवश्यक भएको संस्थामा 'सुरक्षित' जागिर खाने प्रवृत्तिबाट टाढा रहनु आवश्यक हुन्छ । तर यो छोटो अनुभवबाट सचिवको नेतृत्वबाट नेविप्रामा तुरुन्त खास धेरै सुधारको अपेक्षा नगरे पनि हुने देखिएको छ ।



ऊर्जामन्त्रीले प्राधिकरण अध्यक्ष छाड्ने

काठमाडौं (कास)- ऊर्जामन्त्री गोकर्ण विष्टले विद्युत् प्राधिकरण राजनीतिक हस्तक्षेपमुक्त बनाउन सञ्चालक समितिको अध्यक्ष पद छाड्ने भएका छन् । प्राधिकरणमा मन्त्री अध्यक्ष नहुने व्यवस्था कानुनी रूपमै गर्न ऐन संशोधनको तयारी समेत अघि बढाएका छन् । त्यसका लागि उनले मन्त्रिपरिषद्मा प्रस्ताव लैजादै छन् । प्रस्ताव पारित भएपछि प्राधिकरणमा मन्त्री अध्यक्ष रहने परम्परा विधिवत रूपमा अन्त्य हुनेछ ।

प्राधिकरणमा पहिलो पटक खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्ति गराएका विष्टले अध्यक्ष पदसमेत छाड्न लागेका हुन् । सञ्चालक समिति अध्यक्ष मन्त्रीको सट्टा सचिव हुने मन्त्रिपरिषद्मा लान लागिएको प्रस्तावमा उल्लेख छ । मन्त्री अध्यक्ष हुँदा राजनीतिक हस्तक्षेप हुँदै आएको छ ।

संसदीय समितिहरूले २१ अर्ब सञ्चित घाटामा गइसकेको प्राधिकरण बचाउन मन्त्री अध्यक्ष हुने व्यवस्था अन्त्य गर्नेलगायत सुधार गर्न सरकारलाई पटक-पटक निर्देशन दिँदै आएका थिए । मन्त्री विष्ट स्वयंले समेत प्राधिकरणलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउन अध्यक्ष पद छाड्ने प्रतिबद्धता व्यक्त गर्दै आएका थिए । संसदीय समितिको निर्देशन र आफ्नो प्रतिबद्धतालाई मूर्तरूप दिन उनले मन्त्रिपरिषद्मा प्रस्ताव लाने तयारी गरेको स्रोतले बतायो ।

**बिलासी गाडी पनि फिर्ता गर्ने**

मन्त्री विष्टले आफूले चढ्दै आएको विलासी गाडी पनि फिर्ता गर्ने भएका छन् । मन्त्रालयले हाले खरिद गरेको 'महेन्द्र स्कर्पियो' गाडी चढ्ने र आफूले चढ्दै आएको करोड रुपैयाँभन्दा बढी पर्ने टोयोटा प्राडो चमेलिया जलविद्युत् आयोजनालाई एक/दुई दिनमै फिर्ता गर्ने मन्त्रालय स्रोतले बतायो । तत्कालीन ऊर्जामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको पालादेखि चमेलियाका दुई टोयोटा प्राडो ल्याएर मन्त्री र सचिवले चढ्दै आएका छन् । नयाँ ऊर्जा सचिव बालानन्द पौडेलले भने चमेलियाको गाडी फिर्ता गरिसकेका छन् । ऊर्जामन्त्रीले आफूले चढ्ने वैकल्पिक गाडी आएपछि चमेलियाको गाडी फिर्ता गर्न लागेका हुन् ।

तस्बिर २ : तत्कालीन उर्जामन्त्रीले नेविप्राको सञ्चालक समितिको अध्यक्ष पद छाड्नेबारे *कान्तिपुर* (२०६८ साउन १६, पृष्ठ १) मा प्रकाशित समाचार ।

यसरी नेपाल सरकारको सचिव नेविप्राको अध्यक्ष हुँदा थुप्रै सकारात्मक टिप्पणी हुनु स्वाभाविकै हो । तर यो प्रयोग सुरु गरेको महिनौं भइसक्दा नेपालको पत्रकारिता जगत्बाट त्यस निर्णयले असर पारे-नपारेको समीक्षा नहुनु भने आश्चर्यजनक नै छ ।

## नेविप्रामा प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी नियुक्त

मन्त्री विष्टले नेविप्रामा खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी नियुक्त गर्ने परम्पराको सुरुआत गरे । खुला प्रतिस्पर्धाबाट छानिएका कार्यालय प्रमुख सक्षम,

[१] नाम बताउन नचाहने कर्मचारीसँगको कुराकानीमा आधारित ।

योग्य र संस्थालाई नयाँ सोच र विचारबाट हाँक्न सक्ने हुनेछन् भन्ने थियो । यसका अलावा प्रमुखले आफ्नो तलब सुविधा पनि द्विपक्षीय सम्झौता गरी प्राप्त गर्ने भएकोले सो व्यक्ति आफू पनि इमानदार हुने र त्यसको कारणले संस्थाका अन्य कर्मचारी पनि इमानदार नै हुनेछन् भन्ने सबैमा आशा थियो । यस्ता आशा र आकांक्षाको बीचमा दीपेन्द्रनाथ शर्मा नेविप्रामा चार वर्षका लागि खुला प्रतिस्पर्धाबाट कार्यकारी प्रमुख नियुक्त भए । पत्रपत्रिकाले उनको तलब र भत्ता मासिक करिब साढे तीन लाख रूपैयाँ रहेको भनेर प्रचार गरे । यो नियुक्तिलाई निकै महत्त्वसाथ प्रसार गरियो ।

प्रत्येक मन्त्रीको फेरबदलपछि करोडौं रूपैयाँको लेनदेनमा कार्यकारी प्रमुख परिवर्तन हुँदैआएको नेविप्रामा खुला प्रतिस्पर्धाबाट उक्त पदपूर्ति गरिँदा एक प्रकारको सुख अनुभूति भएको थियो । तर त्यत्रो तामझामका साथ नियुक्त भएका शर्मा त्यहाँ चार महिना पनि टिक्न सकेनन् । उनलाई आफ्नै सहकर्मीहरूबाट असहयोग भएको बुझिएको छ । नहोस् पनि कसरी : शर्मा र उनका कर्मचारीको तलबमा धेरै नै अन्तर थियो । यस्तो हाकिमलाई सफल बनाउन उनीहरूलाई के चासो ? भलाद्मी र इमानदार मानिएका शर्माले भ्रष्टाचार र राजनीतिक चलखेलले आर्थिक रूपमा कमजोर भइसकेको नेविप्रालाई न साना योजनाहरूमा  कुनै नयाँ कार्यदिशा नै दिन सके, न त राजनीतिक संरक्षण र समर्थन पाइरहेका त्यहाँका कर्मचारी संघ तथा संगठनबाट सो संस्थालाई जोगाउन सके । आखिरमा तिनै संघ तथा संगठनहरूको असहयोग र दबाबमा उनले पद छोड्नुपर्‍यो ।

शर्माको बहिर्गमनपछि नेविप्रामा खुला प्रतिस्पर्धाबाट उक्त पद पूर्ति गर्ने भनिए तापनि यो लेख लेख्ने समयसम्म सो काम हुन सकिरहेको छैन । शर्माको अनुभवबाट नेविप्राभन्दा बाहिरको मान्छेलाई सफल हुन गाह्रो हुने देखिन्छ । फेरि एकपटक परम्परागत छनौट शैली र मन्त्री विष्टले अवलम्बन गरेको खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी नियुक्त गर्ने विधिमा नै पुनः बहस चलाउनुपर्ने भएको छ । तर मिडियाले यसबारे पनि चासो देखाएको पाइँदैन ।

## बक्यौता रहेका सरकारी संस्थाको लाइन काट्ने

नेविप्रालाई बिजुलीको महशुल नबुझाएका सरकारी संस्थाहरूको लाइन काटेर मन्त्री विष्टले पत्रपत्रिकामा निकै सनसनी मच्चाउन सफल भए । उनको दृष्टिकोणबाट हेर्दा सरकार आफैँले बक्यौता फछ्र्यौट गरे मात्र सर्वसाधारण र उद्योगीहरूलाई पनि सोहीअनुरूप गर्न बाध्य पार्न सकिन्छ भन्ने तर्क जायज नै हो । यद्यपि, नेविप्राको लाभ तथा हानिको तर्फबाट हेर्दा उनको यस कार्यको कुनै

औचित्य रहेन । प्राधिकरणका कर्मचारीहरूका अनुसार नेविप्राले प्रत्येक वर्ष विभिन्न शीर्षकमा करोडौँ रुपैयाँ नेपाल सरकारलाई बुझाउँछ । नेपाल सरकारका विभागहरूको बिजुलीको बक्यौता रकम र नेविप्राले सरकारलाई तिर्नुपर्ने रकमको हिसाब मिलान गर्ने उपाय हुन सक्थ्यो । बिजुलीको लाइन काट्नु एउटा विकल्प त थियो नै तर चर्चा पाउने लोभमा त्योभन्दा राम्रा विकल्पहरूतर्फ भने ध्यान नदिइएको पाइयो । बरु मन्त्री विष्टले लाइन काट्ने आन्दोलन बक्यौता रहेका निजी उद्योगीहरू वा चोरी गरिरहेकाहरूबाट सुरु गरेका भए नेविप्राको नगद प्रवाहमा ठोस सकारात्मक असर पर्न सक्दथ्यो । यो कामको खास फाइदा-बेफाइदाको विश्लेषण नेपाली सञ्चारमाध्यमहरूमा भएको पाइएन ।

## जलविद्युत् विकास तथा लगानी कम्पनीको स्थापना

नेपालको जलविद्युत् विकासमा रहेका असंख्य समस्यामध्ये पुँजीको अपर्याप्तता प्रमुख हो । जति पुँजी प्राप्त छ त्यो पनि साह्रै महँगो ब्याजदरमा मात्र उपलब्ध छ । आ.व. २०६८/६९ मा बैंकबाट लिइने ऋणको ब्याजदर १४ प्रतिशतदेखि १६ प्रतिशतसम्म पुग्यो । निजी लगानीकर्ताहरूले यति महँगो ब्याजदरमा ऋण लिई जलविद्युत्मा लगानी गरी नाफा उठाउन सक्दैनन् । त्यसैले सस्तो ब्याजदरमा पर्याप्त मात्रामा पुँजी उपलब्ध गराउनु आवश्यक थियो, छ ।

अन्तर्राष्ट्रिय बैंकहरूबाट करिब ५ प्रतिशतको ब्याजदरमा ऋण उपलब्ध हुन सक्छ । अझ विकास सहयोग गर्ने वित्तीय संस्थाहरूले त ०.७५ प्रतिशत ब्याजदरसम्ममा दीर्घकालीन ऋण उपलब्ध गराइरहेका छन् । यस्ता स्रोतहरूबाट देशको जलविद्युत् क्षेत्रमा लगानी भित्र्याउने संयन्त्र तयार गर्नु बुद्धिमानी नै हुन्थ्यो । मन्त्री विष्टलाई सल्लाहकारहरूले कोष व्यवस्थापन (fund management) कम्पनी स्थापना गरी अन्तर्राष्ट्रिय स्रोतहरूबाट नेपालमा पुँजी प्रवाह गराउन सल्लाह दिएकै हुन् । विदेशबाट देशमा पुँजी प्रवाह गराएर सो उपलब्ध रकम बाणिज्य बैंकहरूमार्फत सस्तो ब्याजदरमा जलविद्युत्को क्षेत्रमा लगानी प्रवाह गर्न उपयुक्त हुने सुझाएका थिए । तर मन्त्री विष्टले सरकारकै अगुवाइमा जलविद्युत्को क्षेत्रमा लगानी बढाउने दिशा रोजे । सरकारी नेतृत्वको कम्पनी स्थापना भएको सात महिना (यो लेख लेख्दाको समय) बितिसक्दा पनि उक्त कम्पनीमा प्रमुख कार्यकारीको नियुक्ति हुन सकेको छैन । सरकारी निकायहरूले सात अर्बभन्दा बढी रकम सो कम्पनीमा लगानी गरिसक्दा पनि ऊर्जाको क्षेत्रमा एक पैसा पनि लगानी भएको छैन र तत्कालै हुने पनि देखिँदैन । यसमा अझ नमिलेको कुरा के छ भने यो कम्पनीले २५ मेगावाटभन्दा ठूला योजनामा मात्र लगानी गर्ने कार्यादेश पाएको छ । प्रायः नेपाली

लगानीकर्ताहरूको सहभागिता साना योजनामा मात्र हुने गरेको छ । यस्ता योजनाका लागि बजारमा तरलताको अभावको कारणले लगानी उपलब्ध गराउन यस्तो कम्पनी खोल्नुपरेको हुन्छ । यस तथ्यलाई बिर्सेर विदेशबाट लगानी आउन सक्ने मझौला र ठूला योजनालाई मात्र यो कम्पनीमा भएको सरकारको लगानी उपलब्ध हुनसक्ने परिस्थिति सिर्जना गर्नु अन्यायपूर्ण नै देखिन्छ ।

यसरी गठन भएको कम्पनीको औचित्य, कार्यादेश र निष्क्रियताबारे पत्रकारले कलम चलाइदिएमा पैसा नपाएर पिल्सिरहेका उद्यमीहरूले ठूलो धनराशिका मालिक कम्पनीबाट केही राहत पाउन सक्ने थिए । मिडियाले नेपालको ऊर्जा संकटलाई बिस्तारै कम गराउन केही भूमिका खेल्न सक्नुपर्थ्यो । तर सामान्य उपलब्धिलाई मिडियाले बढी नै महत्त्व दिएर प्रचारप्रसार गऱ्यो । दीर्घकालीन महत्त्व बोक्ने खालका मुद्दामाथि मिडियाको ध्यान गएको देखिएन ।

## नेविप्रा र यससँग आबद्ध कम्पनीहरूबाट प्रवर्द्धन गरिएका योजनाहरूको विकासमा पहल

विष्टले नेविप्रा र यससँग आबद्ध कम्पनीहरूबाट प्रवर्द्धन गरिएका झन्नै ७३५ मेगावाट विद्युत् उत्पादन गर्न सक्ने योजनाहरूको विकास गर्न र तिनीहरूमा रहेको आर्थिक तथा व्यवस्थापकीय समस्यालाई समाधान गर्न केही ठोस योगदान पुऱ्याए । नेविप्रा र लगानी गर्न तम्सिएका अरू संस्थाहरूबीच धेरै अगाडिदेखि थाँती रहेका समस्या निराकरण गर्न उनी सफल भए । यी योजनाहरूको विद्युत् खरिद-बिक्री सम्झौता भने आफैं अध्यक्ष रहेको नेविप्राको सञ्चालक समितिबाट पारित गर्न सकेनन् जुन काम उनी निवर्तित मन्त्री भएपछि मात्र सम्पन्न भयो । तर जे भए पनि यी योजना हाल प्रक्षेपण गरिएअनुसार निर्माण भए भने गोकर्ण विष्ट पनि धन्यवादका पात्र बन्नेछन् ।

लोडशेडिङको अन्त्य गर्न भने जलाशययुक्त योजनाहरूको निर्माण गर्नुको विकल्प नै छैन । यस्ता योजनाहरू सरकारी पहलमा नै सुरु गर्नुपर्छ । यस्ता योजनाहरू सरकारी नेतृत्वमा निर्माण गर्न वा यस्ता योजनाहरूलाई निजी क्षेत्रबाट निर्माण गराउन आवश्यक नीतिनिर्माण गर्नेतर्फ खासै केही पहल भएको देखिएन ।

## विद्युत् खरिददरमा वृद्धि

जलविद्युत् क्षेत्रमा लगानी गरिरहेका साना (२५ मेगावाट सम्मका) निजी उद्यमीहरूले धेरै अगाडिदेखि विद्युत् खरिददरमा वृद्धिको माग गर्दैआएका थिए । निर्माण सामग्री, ज्याला, डलरको भाउ, ब्याजदर, डिजेल आदिमा भएको मूल्यवृद्धिको कारणले यस्ता उद्योगमा लगानी गरेर प्रतिफल प्राप्त गर्न प्रायः असम्भव भएको

जनाउँदै लगानीकर्ताहरूले विद्युत् खरिददरमा समायोजनको माग गरिरहेका थिए । यसलाई सम्बोधन गर्न मन्त्री विष्ट अध्यक्ष रहेको नेविप्राको सञ्चालक समितिले नयाँ विद्युत् खरिद-बिक्री सम्झौता गर्न आउने योजनाहरूका लागि मात्र विद्युत् खरिददरमा समायोजन गऱ्यो । यसो गर्दा नेविप्राले औसतमा करिब १० प्रतिशत वृद्धि गरेको भए तापनि २० प्रतिशत वृद्धि भनेर व्यापक प्रचारप्रसार गरियो । नयाँ विद्युत् खरिद-बिक्री सम्झौता गर्न आउने योजनाका लागि यो वृद्धि सकारात्मक भए पनि विद्युत् खरिद-बिक्री सम्झौता गरी निर्माण सुरु गरेका तर लागत वृद्धिका कारणले अलपत्र परिरहेका योजनालाई यसले केही पनि राहत पुऱ्याएन । यस्ता योजनाहरूलाई वित्तीय संस्थाहरूले नयाँ विद्युत् खरिददर पाएका योजना सरहको विद्युत् खरिद बिक्री सम्झौता नभए ऋण नदिने परिस्थितिको सिर्जना भयो । यसले गर्दा तुरुन्त बन्न सक्ने करिब २३० मेगावाटभन्दा बढीका योजनाहरू अलपत्र पर्न गए ।

मन्त्री विष्टले विद्युत् खरिददर बढाइदिँदा आफू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिन जानुपर्ने हुन्छ भन्दै ती योजनाहरूको विद्युत् खरिददर समायोजन गर्न मानेनन् । विष्टपछिका मन्त्रीले भने सो काम मन्त्री परिषद्मार्फत गराए । यो बढाइएको दर पनि नेविप्राले २५ मेगावाटभन्दा ठूला योजनालाई दिइएको विद्युत् खरिददरभन्दा कम नै छ ।

विद्युत् खरिददर बढाएको प्रसंग विष्टको कार्यकालमा सम्भवतः सबैभन्दा चर्चित समाचार बन्यो । तर ती सञ्चारमाध्यमले खास गर्नुपर्ने विश्लेषण भने गरेको पाइएन । खास वृद्धि कति थियो ? वृद्धि नै गर्नुपर्थ्यो कि पर्दैनथ्यो ? विद्युत् खरिद-बिक्री सम्झौता गरिसकेका योजनाहरूलाई विद्युत् खरिददर बढाउनु जायज थियो कि थिएन ? कानुनी अड्चन थिए कि थिएनन् ? साना र ठूला योजनालाई दिइने खरिददरमा फरक पार्नु जायज हो कि होइन ? त्यसमा पनि ठूला योजनालाई बढी दर दिनु ठीक हो कि होइन ? यस्ता प्रश्नहरूको विवेचना र बहस नेपाली मिडियामा भएको पाइएन । भयो त खालि मन्त्री विष्टको एकोहोरो प्रशंसा र "निजी उद्यमीहरूलाई २० प्रतिशत मूल्यवृद्धि"को रटान ।

## इजाजतपत्र व्यवस्थापन कार्यविधि

संसद्बाट पटकपटक जलविद्युत् नीति परिवर्तन भएर पनि उक्त परिवर्तित नीति जलविद्युत् ऐन २०४९ मा नसमेटिनु हाँस उठ्दो कुरा हो । जलविद्युत् ऐन २०४९ लाई संशोधन गर्न बनेको विधेयक संसद्बाट पारित नहुने देखेपछि ऊर्जा मन्त्रालयले कार्यविधिको माध्यमबाट इजाजतपत्र व्यवस्थापन गर्ने परिपाटी बसालेको

थियो । यस क्रममा पहिलो कार्यविधि २०६७ को जेठ महिनामा आयो । यसै वर्ष नै यसलाई दुईपटक संशोधन गरियो । मन्त्री विष्टको कार्यकालमा इजाजतपत्र व्यवस्थापन कार्यविधि २०६७ लाई खारेज गरी इजाजतपत्र व्यवस्थापन कार्यविधि २०६८ लागू गरियो । यस कार्यविधिले मुख्यतः निम्न कुराहरूमा जोड दिएको छ :

- १० मेगावाटभन्दा ठूला योजनालाई खुला प्रतिस्पर्धामार्फत इजाजतपत्र प्रदान गर्ने,
- १० मेगावाटभन्दा ठूला योजनाको इजाजतका लागि परिसकेका आवेदन खारेज गर्ने,
- इजाजतपत्र प्राप्त गर्न प्राविधिक र आर्थिक सक्षमताको प्रमाण पेस गर्नुपर्ने,
- विद्युत् विकास विभागको संरचनात्मक सुधार गर्ने ।

यस कार्यविधिका धेरै प्रावधान केही हदसम्म आवश्यक नै थिए । तर मुख्य कमजोरी यसमा अनुगमन गर्ने प्रावधान थिएन । साथै यो कार्यविधिको वैधतामा समेत प्रश्न खडा भयो र धेरै उद्यमीहरू कानुनी उपचारका लागि अदालतसमेत पुगे । जलविद्युत् ऐन २०४९ मा जसले पहिला इजाजतपत्र प्राप्त गर्न विधिपूर्वक आवेदन दियो, उसैलाई इजाजतपत्र प्रदान गर्ने व्यवस्था छ । १० मेगावाटभन्दा ठूला योजनालाई खुला प्रतिस्पर्धामार्फत इजाजतपत्र प्रदान गर्ने नीति यो प्रावधानको खिलाफमा छ भनेर उद्यमीहरूले दाबी गरे । साथै, योजनाको इजाजत प्राप्त गर्न वर्षौंदेखिको श्रम र आर्थिक लगानी परिसकेको हुने र त्यस्तो आवेदन क्षतिपूर्तिविना नै स्वतः खारेज गरिनु अन्यायपूर्ण भएको आवेदनकर्ताहरूको दाबी रहिआएको छ । यो कार्यविधिविरुद्धको मुद्दा अझै पनि अदालतमा विचाराधीन छ ।

यो कार्यविधि जारी गरेर मन्त्री विष्टले 'झोलामा खोला' प्रवृत्ति अन्त गर्ने जनाएका थिए । तर यो कार्यविधिमा अनुगमन पक्ष नै नरहेकाले कसरी यो प्रवृत्ति अन्त गर्न सकिन्थ्यो प्रस्ट छैन । सरसर्ती हेर्दा यो कार्यविधिले अपेक्षा गरेअनुसारको नतिजा दिन प्रायः असम्भव नै थियो । एउटा कार्यविधि १५ महिनामा चार पटक संशोधन हुँदा सञ्चारमाध्यमले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूमा पर्ने असरबारे वा सो कार्यविधिको वैधताबारे पनि खासै टिप्पणी गरेको पाइएन । यो कार्यविधिमा आफ्नो उद्देश्य प्राप्त गर्न के प्रावधान आवश्यक हुन्छ भन्नेबारे पनि सञ्चारमाध्यममा खासै केही चर्चा भएन । धेरैले मन्त्री विष्टकै लाइनमा यो कार्यविधिले 'झोलामा खोला' प्रवृत्ति अन्त्य हुने कुरा दोहोऱ्याइरहे मात्र । तर फेरि, अहिलेको सरकारले उक्त कार्यविधिलाई विस्थापन गर्ने गरी इजाजतपत्र व्यवस्थापन

कार्यनिर्देशिका २०६८ जारी गरिसकेको छ । यसले मन्त्री विष्टको पालामा ल्याइएको कार्यविधिको आधारभूत नीति खारेज वा परिवर्तन गरेको छ । यी विषयमा पनि पत्रपत्रिकामा गम्भीर छलफल भएको छैन ।

## निष्कर्ष

उल्लिखित केही उदाहरणबाट के स्पष्ट छ भने आफ्नो छोटो कार्यकालमा तत्कालीन मन्त्री विष्टले थुप्रै कामहरूको थालनी गरे वा थालनीको प्रयास गरे । उनका केही उपलब्धि धेरै पछिसम्म स्मरणीय रहनेछन् । छोटो कार्यकालमा यति धेरै काम सुरु गर्ने मन्त्री विष्टको चर्चालाई लोडशेडिङबाट पीडित नेपाली समाजमा स्वाभाविक नै मान्नुपर्छ । तर मिडियामा कुनै पनि व्यक्ति वा संस्थाको मूल्यांकन गर्दा ठोस नतिजाका आधारमा गरिनु पर्दछ । त्यसका लागि पत्रकारिता जगत्मा विषयवस्तुप्रति अलि बढी गम्भीरता हुनुपर्छ भन्ने नै यो लेखको मुख्य आशय हो । कामको मूल्यांकनको मापदण्ड भनेको नेपालमा ऊर्जाको क्षेत्रमा कार्यरत सरकारी संस्थाहरूको दीगोपन र तिनीहरूको कार्यक्षमतामा वृद्धि, नेपालमा ऊर्जा उत्पादनमा स्वदेशी तथा विदेशी लगानीमा वृद्धि र नैपालीले दैनिकरूपमा भोगिरहेको लोडशेडिङमा कमी भयो-भएन वा हुनेतर्फ के-कति अगाडि पुगियो भन्ने नै हो । यी सबै क्षेत्रलाई असर पार्ने गरी मन्त्री विष्टले केही काम नगरेका भने होइनन् । तर उनी मन्त्री नै रहँदा वा उनले मन्त्रालय छाडेको केही महिनाभित्रै उनले थालनी गरेका कार्यले निरन्तरता पाउन छाडिसकेका छन् । यस क्षेत्रका समस्या र तिनका समाधानबारे मन्त्री विष्टको अध्ययनमा केही कमी रहेको र तिनको समाधान खोज्दा प्राविधिक पक्ष, विद्यमान कानुनी व्यवस्था वा सरकारी संठनात्मक व्यवस्थाबारे आवश्यक अध्ययन नगरेको देखिन्छ । यी विषयमा उनको बुझाइ कि त सतही मात्र थियो वा समस्या बुझेर पनि समाधान पहिल्याउन मन्त्री विष्ट असमर्थ भए ।

मन्त्री विष्टले एकपटक आफैँले "हाम्रो देशमा राजनीतिक नेतृत्वले निरन्तर रूपमा झुटो आश्वासन दिने र ती आश्वासन पूरा गर्न नसक्दा सद्दे व्यक्तिहरू पनि दागी बन्ने गरेका छन्" भन्ने धारणा अभिव्यक्त गरेका थिए ।[२] साँच्चै भन्ने हो भने माथिका उदाहरणहरूबाट विद्युत् उद्यमीहरूले उनलाई पनि झुटो आश्वासन दिनेहरूको पंक्तिमा ठङ्याउन सक्ने पर्याप्त आधार छन् । नेविप्राको

[२] हेर्नुहोस् http://www.telegraphnepal.com/headline/2011-07-17/gokarna-bistaashamed-of-being-a-nepal-minister-will-not-resign-yet.html

आर्थिक स्वास्थ्यबारे चिन्तित रहने मन्त्रीले दश वर्षसम्म नबढेको बिजुलीको भाउ बढाउन खासै कुनै तदारुकता देखाएनन् । दीर्घकालीन महत्त्व नबोके पनि तत्कालका लागि लोकप्रिय भइने खालका काम गर्न उनी बढी उत्साही देखिए ।

मिडियाले पनि उनको कामको गम्भीर समीक्षा गर्नुभन्दा विषयवस्तुलाई सतही र सनसनीपूर्ण ढंगले बाहिर ल्याइरह्यो । सञ्चारमाध्यमले उनले गरेका कामको विश्लेषण गरी गुण–दोषको आधारमा मूल्यांकन गरेको पाइएन । मन्त्री विष्टको कार्यकाल र उनलाई नेपाली पत्रकारहरूले दिएको स्थान एउटा अनुसन्धानको विषय हो । उनी पदमा रहँदा जुन उत्साह र जोशले उनका कार्यको व्याख्या गरियो, र जब ती कामहरूले उद्घोष गरिएबमोजिमका नतिजा दिन सकेनन्, पत्रकारहरूले ती आफूले नै लेखे बोलेका विषयमा एकपटक फर्केर हेर्नुपर्ने हो । उनले लिएका धेरै लक्ष्यहरू पूरा नहुने स्पष्ट भैसकेका छन् । ती किन यो स्थितिमा पुगे भनेर पत्रकारहरूले खोजी गर्नुपर्ने हो । बाहिरबाट हेर्दा के लाग्छ भने हाम्रो देशको संक्रमणकालीन अवस्थामा सञ्चार जगत्ले कसैलाई महान् व्यक्तित्वको रूपमा खडा गर्नेपर्छ । यसो हुँदा सञ्चारमाध्यम नै कसैका लागि प्रयोग भइरहेका छन् कि भन्ने शंका गर्ने ठाउँ रहन्छ । साथै, पत्रपत्रिकामा गहनतासाथ विषयवस्तुको फलोअप नगर्दा भइरहेका कामबारे पनि सम्बन्धित व्यक्ति वा निकायले प्रभावकारी रूपले फिडब्याक नपाउन सक्छन् ।

यहाँ प्रस्तुत मेरा विचार र विश्लेषण कुनै पत्रकार वा अनुसन्धानकर्ताको नभएर एक सामान्य जलविद्युत् व्यवसायीका हुन् । त्यसैले यहाँ केही व्यावसायिक पूर्वाग्रह हुनु स्वाभाविक नै हो । सञ्चारमाध्यमबारे सम्पूर्ण जानकारी राख्ने म सञ्चारविज्ञ होइन तर मेरो भनाइ यति मात्र हो कि माथि उठाइएका प्रश्नहरू नेपाली पत्रकार जगत्बाट उठाइदिनुपर्ने थियो । यो उनीहरूको व्यावसायिक दायित्व हुनुपर्ने हो । साधारण पाठक वा श्रोताहरूले यस्ता विवेचनाको अपेक्षा गर्छन् भन्ने कुराको हेक्का पत्रकारले राख्नुपर्छ । यो कुरा जलविद्युत्को क्षेत्रमा वा मन्त्री विष्टको हकमा मात्र भनिएको भने होइन । यस्तो प्रकारको दायित्व पूरा गर्न पत्रकारहरूले सम्बन्धित क्षेत्रको प्राविधिक तथा कानुनी ज्ञान त राख्नुपर्छ नै । तर साथसाथै यस्ता विषयमा अनुसन्धान गर्ने धैर्य र मिहिनेत, अनि सत्यतथ्य पत्ता लगाएर सोबारे बोल्ने र लेख्ने आँटको पनि आवश्यकता पर्दछ । विगतलाई फर्केर हेरिदिँदा र गुण–दोषका आधारमा व्यक्तिहरूको मूल्यांकन गरिदिँदा सञ्चार जगत्ले आफ्नो जिम्मेवारी पूरा गरेको ठहर्छ । त्यतिमात्र होइन यसो गर्दा सुसूचित हुन पाउने नागरिकको हकलाई मिडियाले साँचो अर्थमा सम्मान गरेको प्रमाणित हुन्छ ।